# गीतकार नरेश नाति र उनको गीतिकारिता

■ मिजास तेम्बे

*'Poetry is the expression of the best that has been thought and felt.'*
*- Matthew Arnold*

एउटा काब्यिक सृजना भनेको हामीले सोचिएको र अनुभव गरिएको कुराको उत्कृष्ट अभिब्यक्ति हो । गीतकार नरेश नाति आफ्ना गीति रचनाहरूमा बडो उत्कृष्ट ढंगले अभिब्यक्तिएका छन् । चर्चाको बिषय हो उनको भर्खरै सार्वजनिक भएको गीति संग्रह बाटो खोज्दा खोज्दै भित्रका संकलित गीतहरू.....। साहित्यका तमाम विधाहरू मध्येबाट नातिले किन गीति लेखन नै छाने त ? नाति पक्कै कोमल हृदयी हुनुपर्छ, भाबुक हुनुपर्छ, बढी सम्बेदनशील हुनुपर्छ, मायालु हुनुपर्छ, हार्दिक र लालित्य मन भएको हुनुपर्छ । यो जस्तोसुकै तह, तप्का र खेमाका स्रष्टा तथा पाठकहरूको सीधा आँकलन हो । भनिन्छ गीतको सम्पर्क सम्बन्ध सिधै मानिसको हृदयसँग वा मनसँग हुने गर्छ, त नातिका गीतहरूले मनलाई तरंगित पार्दछन् र हृदयमा रोमान्चकता भर्दछन् । गीत लेख्नु भनेको मनले मन छुनु हो भने उनले पाठकहरूको मन छोएका छन् । गीति रचना सरल, सुललीत र कोमल कान्त पदावलीहरूले युक्त हुनुपर्छ भन्छन्, कसैले भने र रचनामा अनुभूतिको तीव्रता र सुक्ष्मता खोजिन्छ कसैले भने, यी सबै बस्तुहरू नातिका गीतहरूमा मिसिएका छन् । गीतका बिषयहरूले जीवनका हरेक पक्षहरूलाई छोएको हुनुपर्छ, त छोएकै छन् नातिका गीतहरूले । संरचनामा गीति रचनाहरू गीत जस्तै हुनुपर्छ भने उनका गीतहरू कि त कुनै न कुनै प्रचलित लय विधानमा छन् कि त स्वनीर्मित छन्दमा नाच्दछन् । अक्षर मात्रा, गति, यति र अनुप्रासिकताको ज्यादै नै अनुशासित अवलम्बन पाईन्छन् नातिका गीतहरूमा भने उनि अवश्य राम्रा र सक्षम गीतकार हुन् ।

बरिष्ठ गीतकार रत्नशम्शेर थापा भन्नुहुन्छ, गीतकार नरेश नातिका गीतहरूमा उनको निजत्व झल्किन्छ ।' अर्का बरिष्ठ संगीतकार बुलु मुकारूङ दाबी गर्नुहुन्छ, 'गीतकार नाति त गीति थुम, गढि र किल्लाहरूका नरेश पो हुन् त ।' चर्चित गीतकार रमेश पौडेल लेख्नुहुन्छ, 'नातिले घरदेशमा उकाली ओराली गर्दा नै भन्ज्याङको सुसेलीहरूमा गीतको सुगन्ध भेटेका थिए र त परदेशमा पुगेर पनि गीतमै लहसिए, अनि गुनगुनाए हरफहरूमा ।' हुन त कवि रक्ष राईले भन्नु भए झैं सुन्दरताको कुनै बयान नभए पनि म आज उनका सुन्दर सुन्दर गीति रचनाहरूको संक्षिप्त बयान गर्ने धृष्टता गर्दछु । (गुणनै गुणले भरिएको उनका यी रचनाहरूमा अवगुण खोज्ने दुश्प्रयास भयो भने खोज्ने समिक्षककै अवगुण देखिएला भन्ने पनि डर छ मलाई)

गीतकार नातिका गीतहरूलाई बिभिन्न कोण र आयामहरूबाट ब्याख्या बिश्लेषण गर्न सकिन्छ, तर आज मैले उनका गीतहरूमा पाईने बिषयगत विविधताका सन्दर्भमा मात्र केही लेख्ने जमर्को गरेको छु । बिषयबस्तु चयनको आधारले उनका गीतहरूलाई मैले जम्माजम्मी दश खण्डमा वर्गीकरण गरेको छु ।

१. राष्ट्रियता या राष्ट्रप्रेम मुखरीत भएका उनका केही गीतहरूका दृष्टान्त प्रस्तुत छ :

*देशकै छोरो बन्नलाई शिरै बाजी राख्नु पर्‍यो*
*बिरहमा परिन् आमा हजारौंको आँशु झर्‍यो*
*कहिले चिसो चिसो रातमा झरीसंगै रूझ्दै हिँड्छु*
*कहिले धुलो गर्मीसँगै पसिनाले भिज्दै हिँड्छु*
*सानो मेरो घरको आशा हुँ म ।*

२. जीवन दर्शनका गीतहरू,
उनका जीवनवादी गीतहरू....

*किन गाह्रो फेर्नलाई रोकिएर सास मेरो*
*कुन बेला कहाँ पुगी जीवन बन्छ लास मेरो*
*भत्किएको झुपडिमा दुखियाको बास*
*बाँचुन्जेल दुखै दुख मरे पछि लाश*
*खाली खाली पैतालाले काँढा टेक्न नलाऊ*
*उर्लिएको भेलसँगै आँधी छेक्न नलाऊ*

(जीवन दुखमय छ, को साश्वाततालाई पनि स्वीकारेर जीवनमा संघर्ष र चुनौतीको पनि सामना गर्नु पर्छ, दर्शन थप्छन् उनी ।)

३. माया पिरतीका गीतहरू

*परेवाको जोडी जस्तै छ नी हाम्रो जोडी*
*नजानू है टाढा माया मेरो साथ छोडी*
*कहाँ तिम्रो संसार कहाँ मेरो संसार*
*जीउने हाम्रो जिन्दगी उस्तै नै कहाँ छ र*

(यसरी उनी माया प्रेममा मिलन र विछोडको यथार्थलाई आफ्नो सिर्जनाहरूमा प्रतिविम्बीत गर्दछन् ।)




४. अतित प्रेम या भनौं नोष्टाल्जिया झल्कने उनका केही रचनाहरू यस्ता छन् :

*धमिलो खोला तरेर, बेंशी झरेर*
*हिड्ने बुढो बाजे पनि गयो मरेर*
*पहाड चढ्दै तराई झर्दै उमेर गयो नी हौ*
*जवानी रहर मनको आशा जून तारा भयो नी हौ*

(नातिमा सुषुप्त अतीत सम्झना र अतीत मोहलाई उनले मिठो गीतका हरफहरूले आकार दिएका छन् ।)

५. प्रवासी चेतनाका वा डायस्पोरिक भावका गीतहरू

*परदेशको बसाईले उराठ हुन्छ जीवन*
*जल्छ छाती सम्झनाले बरालिन्छ मन*
*छुट्ने बेला भयो अब गर मिठा बातहरू*
*जन देऊ अब मलाई बिर्सि सबै साथहरू*

(परदेशीनुको पीडा र तिक्ततालाई पनि गीतकै मालामा उन्नछन् उनी ।)

६. युद्धचेतका गीतहरू पनि छन् उनका :

*एउटा खवर सुनाउन कर लाग्यो मलाई*
*जीवनदेखि आज धेरै डर लाग्यो मलाई*
*बाबा किन फर्किएनन् भन्छन् छोराछोरी*
*आमा रून्छिन् बिरहमा हुन्छिन् एकोहोरी*

(युद्धको त्रासदी अनि युद्धमा आफ्नो खसम गुमाउँदाको बियोगान्त अवस्थाको करूण चित्रण हो यो ।)

७. धर्म, दर्शन तथा ईश्वरवादी गीतहरू :

*मन मन्दिरमा पूजा गरि किन बन्छौ तिमी निष्ठूरी*
*ईश्वर बिना धर्ती शून्य तिमी भन्छौ सँधै यसरी*
*सृष्टि गरी ईश्वर किन दिन्छौ दुखी कर्म*
*कहाँनेर बुझि दिन्छौ दुखिहरूको मर्म*

(ईश्वर प्रतिको आस्था अनि यस्ता प्रश्नहरू ईश्वरलाई ।)

८. शून्यबादी तथा निराशाबादी गीतहरू :

हुनेलाई सुनै सुन
*नहुनेलाई केहि छैन दुखी जीवनमा*
*मेरो जीवन आज एक्लो शून्य भयो*
*तिम्रो साथ र माया टाढिएर गयो*

(नातिमा जीवन प्रतिको मोह र आशा छन् र त उनी निराश र उदास बन्छन् जीवनमा)

९. उसैगरी आशाका गीतहरू :

*गुनासो छैन मायालु तिमीले भुलेर*
*बिर्सेर जाने ए हजूर बस्छु सम्झेर*
*एउटा खबर सुनी तिमी रून थाल्यौ किन*
*बाँचेकै छु मायालु म काट्दै रात दिन*

(जीवनमा त्याग छ, सँग बाँच्नुको मोह छ ।)

१०. रङ्गरसका भाव मुखरित भएका गीतहरू :

*फूल जस्ती मायालुलाई आज देखेर*
*मनको कुरो पोखु लाग्यो बाटो छेकेर*
*बैश चढ्यो राजै धड्कन मेरो बढ्छ*
*मायालुको नजर पर्दा दिलमा नशा चढ्छ*

समग्रमा नातिका गीतहरूले जीवनको सम्पूर्णता बोल्छन् । गीतका बिषयबस्तुहरू बिविधतामय छन् । नातिका गीतहरूले नेपाली आधुनिक गीत लेखनका मानक सिद्धान्तहरूको पनि अनुशासित अवलम्बन गरेको पाईन्छन् । अनुप्रासहरूको सहि छनौट गर्नु, लयमा गीत लेख्न सक्नु, सरल भाषामा ग्रमीण विम्बहरूको प्रयोग गर्नु आदि उनका सिर्जनाका सबल पक्षहरू हन् । र यो नै उनको गीतिकारीताकाको आफ्नै बिशेषता पनि हो ।

---

## प्रतीक्षा आइ.एल.आर.को

■ विष्णु यक्सो लिम्बु



या, त मेरा पिता पुर्खाहरूको
वहादुरी र इमान्दारिताबाट खुशी भएर
या युगौयुगदेखिको, सच्चा मित्रताको
सहयोगको भावना आएर हो
कि अझै युगौयुगसम्मको नाता गाँस्ने
इच्छा र आकांक्षा लिएर होला
कति टाढा नेपालदेखि युकेसम्म आयौं
आइ. एल. आर.को परिचय लिएर ।
होइन र ?
अनि त म पनि मख्ख पर्दै
खाँदा, बस्दा, मेलापात जाँदा
साथिसँगको गफमा पनि
गौरवका साथ कुरा गर्थे आइ.एल.आर.कै
तिम्रो त्यो मधुर मुस्कान,
लोभलाग्दा शरीर सुम्सुम्याउँदै,
तिम्रो त्यो अन्तरआत्माबाट आएको
मायालु बोलीमा लठ्ठ परेर,
स्वर्गभन्दा प्यारो आमाको वक्षस्थल,
अमृतभन्दा मिठो आमाको स्तनपान,
हिमाल भन्दा अटल, सागर भन्दा गहिरो,
आमाको मायालाई छाडेर,
धेरै–धेरै भविष्य निर्माणका सपनाहरू बोकेर
प्यारो घर छाडेर आएँ
आइ.एल.आर. तिमीलाई भेट्न ।
बाटोमा हवाइजहाजबाट
तल जमिन तिर हेर्दा,
ती हिमाल, पहाड र तराई
नदी, नाला, वन, जंगल पनि
मुकदर्शक भई हेरिरहे ।
शायद, मेरो खाऊखाऊ
लाउँलाउँ लाग्ने कल्कलाउँदो उमेर
र मासुम अनुहारको माया लागेर होला,
ती मृगका वथान,
डाँफे, मुनाल र मयुरहरू पनि,
एकातिर मेरो सुन्दर भविष्यको कामना,
अर्कोतिर मेरो असिम मायामा भावव्हिल भएर
गहभरी आँशु लिएर हेरिरहे ।
तर खोई त, आइ.एल.आर. क्ष
यो सब कुराको मर्मै बुझेको ?
तिम्रै हितैसी साथीहरूले पनि भने होलान्
जाई देऊ ढिला नगर,
तिम्रा मित्रहरू पर्खिबसेका छन्
तिम्रै आशा अनि भरोसामा ।
सुनेको थिएँ सबैले विश्वास पनि गर्थे
आइ.एल.आर.को देश
स्वर्ग जस्तै सुन्दर छ अरे
सबै भद्र भलादमी मात्र छन अरे
त्यहाँ पुगेपछि त
दु:ख कत्ति हुदैन अरे,
तर प्रिय मित्र आइ.एल.आर.
तिमीलाई पर्खदा–पर्खदा
मेरा आँखा थाकिसके,
तिमीलाई चिन्ने धेरै मेरा साथीहरूलाई पनि सोधेँ,
आउँदै छौ कि भनेर ।
जवाफमा ।
आजकल के भयो–भयो ?
आइ.एल.आर. त, अँधेरो लामो,
सुरूङ भित्र नबोली बस्छ ।
भगवान नै जानुन्,
कस्ले के भनेर मन मर्‍यो,
पहिले त यस्तो थिएन ।
तिमीलाई पर्खदा–पर्खदा,
मेरा दिन विते, वर्ष विते, जीवन विते ।
आइ.एल.आर. !
तिमीलाई थाहा छ के ?
प्रतिक्षाको घडी कति साह्रो पीडादायी हुन्छ ?
मलाई पनि त युकेकै हावा पानीले
कमारो बनाई सक्यो,
घर पालुवा बाघको बच्चा झैं ।
गाउँले उखानले भन्छ, 'विधुवालाई लान्छु नभन्नु
गरिवलाई दिन्छु नभन्नु ।'
अमृत नै दिएर के भो, तिर्खा मेटिए पछि,
मिठो खान, राम्रो लाउन दिएर
के भो मनै मरेपछि ।
अब त तिम्रो प्रतिक्षाबाट विस्तारै
थकित हुँदैछु ।
तिमीसंगको मित्रता,
आदर सम्मान र विश्वासमा
प्रश्न चिन्ह खडा हुँदैछ ।
वरू क्ष फर्काई देउ,
मेरो प्यारो पिँजडाको साँचो,
खिया नलाग्दै,
नत्र गम्भिर भएर एकक्षण सोच त
पाप गर्दैछौ कि धर्म ?
ती आस्रितहरूलाई, विचरा
अन्यौलताको पिँजडामा छट्पटाई रहेछन्
कुन्ज्याईरहेछन आत्तना पखेटाहरू ।
हार, जीत र कानुनका कुरा कति गर्नु,
मानव अधिकार र मानवतालाई साथ लिएर
नसर्माई आईदेउ, आइ.एल.आर.
मेरो आगनीमा मुस्कुराउँदै,
कि त, बेलैमा भन्नु पर्थ्यो आउदिन भनेर
मैलेले पनि त भेट्नु छ कसैलाई,
विश्वास गर
किन्चित शंका नगर ममा
मेरा आफन्तका वलिदानलाई पनि हेर
अहिले धप–धप बलेको युद्धभूमिमा ।